# सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः **हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**

सूचना सार्वजनिक गरेको अवधिः **पहिलो त्रैमासिक, आर्थिक वर्ष २०८२।८३**

## १. निकायको स्वरुप र प्रकृति :

नेपालको जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक पर्ने दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने तथा त्यसरी उपलब्ध हुने वित्तीय स्रोतलाई आर्थिक तथा प्राविधिक रूपले सम्भाव्य जलविद्युत आयोजनाहरूमा शेयर वा ऋणका रूपमा लगानी गर्ने गरी कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०३/२७ मा पब्लिक लिमिटेड कम्पनीका रूपमा यस कम्पनीको स्थापना भएको हो । मिति २०६८/०४/०२ मा नेपाल राजपत्र, भाग ५, खण्ड ६१, संख्या १४ मा सूचना प्रकाशन गरी नेपाल सरकारबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८, को दफा २ को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी कम्पनीलाई वित्तीय संस्थाको रुपमा तोकिएको छ । मिति २०६९/०३/२६ मा नेपाल राष्ट्र बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम ऋण लगानी गर्न स्वीकृति प्राप्त भएको र सोही बमोजिम कम्पनीले आफ्नो व्यावसायिक कारोवार सञ्चालन गर्दै आएको छ। प्रारम्भमा जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको नामबाट स्थापना भएको यस कम्पनीको नाम वि.सं. २०७५ मा परिवर्तन गरी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटडमा रूपान्तरण गरिएको छ ।

हाल कम्पनीको अधिकृत पूँजी रु. ५० अर्ब, जारी पूँजी रु. २४ अर्ब ५५ करोड ९८ लाख १३ हजार ४ सय र चूक्ता पुँजी रु. २४ अर्ब ५५ करोड ९८ लाख १३ हजार ४ सय रहेको छ ।

कम्पनीको नियमावलीको नियम २७ अनुसार देहाय बमोजिम सात सदस्यीय संचालक समिति रहने व्यवस्था रहेको छ ।

(क) नेपाल सरकार, अर्थ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)

(ख) नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)

(ग) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट दुई वर्षमा पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)

(घ) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा दुई वर्षमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी)

(ङ) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट निर्वाचित १ जना

(च) समूह “ख“ का सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित १ जना

(छ) स्वतन्त्र सञ्चालक १ जना ।

## २. निकायको काम कर्तव्य र अधिकार :

कम्पनी ऐन २०६३, कम्पनी निर्देशिका २०७९, धितोपत्र सम्बन्धि ऐन, नियम तथा निर्देशिकाहरु, जलविद्युतसंग सम्बन्धित ऐन तथा नियमहरु, कम्पनीको प्रवन्धपत्र, कम्पनीको नियमावली, कर्मचारी विनियमावली २०६८, कम्पनीको आर्थिक प्रशासन तथा खरिद विनियमावली २०७८ र नेपाल सरकारको निर्देशन बमोजिम काम, कर्तव्य र अधिकार यस कम्पनीमा निहित रहेको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ र ५ मा उल्लेख भएबमोजिम यस कम्पनीका उद्देश्य र कार्य देहाय बमोजिम रहेका छन् :

**(क)** **ऋण तथा शेयर लगानी:** जलविद्युत् तथा नवीकरणीय उर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार परियोजना तथा संगठित संस्थामा शेयर वा ऋण लगानी गर्ने, त्यस्ता आयोजनाहरूमा प्रत्यक्ष वा बैंक तथा वित्तीय संस्था, गैह्र बैंकिङ्ग वित्तीय संस्था एवम् अन्य निकायहरुसँगको सहकार्य तथा सहभागितामा जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने, कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने, आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने, जलविद्युत तथा नवीकरणीय ऊर्जा क्षेत्रको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने,ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने एवम् त्यस्तो सेवाप्रदायक कम्पनीमा शेयर वा ऋण लगानी गर्ने, नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रूपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने ।

**(ख)** **वित्तीय स्रोत परिचालन:** विदेशी संस्था एवम् गैरआवासीय नेपालीबाट विदेशी मुद्रामा ऋण वा अनुदान प्राप्त गर्ने, कम्पनीलाई आवश्यक पर्ने रकम कुनै बैंक वा वित्तीय संस्थाबाट ऋण लिने, आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरू तथा सर्टिफिकेट अफ डिपोजिट जस्ता वित्तीय उपकरणहरू जारी गर्ने र सामूहिक लगानी कोष स्थापना एवम् सञ्चालन गर्ने ।

**(ग)** **अन्य:** जलविद्युत् आयोजनाहरूको प्राविधिक मूल्याङ्कनका लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने र जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन एवम् विस्तृत अध्ययन गर्ने गराउने ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

कम्पनीको कूल स्वीकृत दरवन्दी संख्या ३१ रहेको छ। सो मध्ये हाल विभिन्न तहमा २६ जना कर्मचारीहरु कार्यरत छन्। कम्पनीको संस्थागत सुशासन मार्गदर्शन २०७९ लागु भई सञ्चालक समितिबाट स्वीकृत संगठनात्मक संरचना अनुसार विभाग, शाखा र पदहरुको कार्यविवरण लागु गरिएको छ। कार्यविवरण अनुसार कम्पनीले तोकेको कार्य विभिन्न शाखा तथा तहका कर्मचारीहरुबाट सम्पादन भईरहेको छ। कम्पनीको स्वीकृत संगठनात्मक संरचना, कर्मचारी दरवन्दी लगायत कार्यकारी तह, व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली यस कम्पनीको वेभसाइट www.hidcl.org.np मा उपलब्ध छ।

**४. निकायबाट प्रदान गरिने सेवाहरु :**

जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन, प्रसारण तथा वितरण तथा व्यापार गर्ने उद्देश्यले सञ्चालन भएका वा हुने आयोजनाहरुको वित्तीय व्यवस्थापनका लागि त्यस्ता आयोजना प्रवर्द्धन गर्ने कम्पनीहरुमा शेयर वा ऋण लगानी गर्ने, आयोजनाहरुको वित्तीय एवम् प्राविधिक पक्षको मुल्यांकन गर्ने, बैक तथा वित्तीय संस्थाहरुलाई आयोजनाको नियमन, निर्देशन रेखदेख र मुल्यांकनका लगि सहयोग गर्ने, लगानी भएका आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन गर्ने आदि कार्य सम्पादन भइरहेको छ। नेपाल सरकार तथा सम्बन्धित सरोकारवालाहरुलाई आवश्यक सूझाव, सल्लाह तथा सहयोग लिने तथा दिने कार्य गरिरहेको छ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारी :**

कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.जि.का.म.न.पा. ३१ नयाँ बानेश्वरमा रहेको र काठमाण्डौ बाहिर कुनै शाखा कार्यालय नभएको। सेवा प्रदान गर्ने जिम्मेवार अधिकारीको विवरण यस कम्पनीको वेभसाइट www.hidcl.org.np मा राखिएको छ।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तूर र अवधि :**

सेवा प्रदान गर्न लाग्ने दस्तुर कम्पनीको ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि २०७८ को दफा ७ मा उल्लेख गरिएको छ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारीः**

कम्पनीको समग्र मार्गदर्शन एवं नीतिगत निर्णय संचालक समितिबाट हुने गरेको छ। प्रचलित ऐन, नियम, विनियम तथा कार्यविधि अनुसार कार्यकारी तथा सञ्चालन सम्बन्धी निर्णय सम्बन्धित शाखाबाट तहगत रुपमा उठान भएपछि प्रमुख कार्यकारी अधिकृत वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारीबाट हुने व्यवस्था रहेको ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

प्रमूख कार्यकारी अधिकृत

**९. सम्पादन गरेको कामको विवरण :**

यस कम्पनीबाट सम्पादन भएका कामको विवरण कम्पनीको वेभसाइट www.hidcl.org.np मा राखिएको छ ।

**१०. सुचना अधिकारी र प्रमुखको नाम र पद :**

**सुचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम, पदः**

रमेश पनेरु, प्रमुख प्रवन्धक (वित्त)
सम्पर्क नं. ०१-४५९०१६, ४५९०१७ ४५९०१८

**प्रवक्ताको नाम, पदः**
कौशल राज अधिकारी, वातावरण विज्ञ
सम्पर्क नं.०१-४५९०१६, ४५९०१७ ४५९०१८

**कार्यलय प्रमुखको नाम, पदः**

प्रजेश विक्रम थापा, प्रमूख कार्यकारी अधिकृत

सम्पर्क नं. ०१-४५९०१६, ४५९०१७ ४५९०१८

**११. ऐन,नियम,विनियम वा निर्देशिकाको सूची :**

(क) कम्पनीको प्रवन्धपत्र, २०६८
(ख) कम्पनीको नियमावली, २०६८
(ग) कम्पनी सञ्चालनका नीतिगत आधारहरु, २०६८
(घ) लगानी नीति २०८०
(ङ) कर्मचारी (सेवा शर्त) विनियमावली, २०६८

(च) ऋण असूली विनियमावली, २०७४
(छ) आर्थिक प्रशासन तथा खरिद विनियमावली, २०७८
(ज) मानव संशाधन व्यवस्थापन तथा विकास नीति, २०८०
(झ) करार निर्देशिका, २०७२
(ञ) अनिवार्य भ्रमण बिदा सम्बन्धी कार्यविधि, २०७०
(ट) सवारी साधन सुविधासम्बन्धी कार्यविधि, २०७२
(ठ) ऋण तथा स्वपूँजी लगानी गर्ने सम्बन्धी कार्यविधि, २०७८
(ड) करार सेवा पदपुर्ति कार्यविधि २०७८
(ढ) तरलता व्यवस्थापन कार्यविधि, २०७८
(ण) लगानी तथा जोखिम व्यवस्थापन उपसमितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि,२०७९
(त) चार वर्षे रणनीतिक योजना (आर्थिक वर्ष २०७८।७९ देखि २०८१।८२)
(थ) आन्तरिक नियन्त्रण प्रणाली, २०७९
(द) वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली २०७९
(ध) संस्थागत सुशासन मार्गदर्शन, २०७९,
(न) संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मापदण्ड २०७५,
(प) Project Monitoring Guideline 2025,
(फ) HIDCL Risk Management Framework 2080.

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबारको त्रैमासिक विवरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको तथा कम्पनीको वेभसाइट www. hidcl.org.np मा राख्ने गरिएको ।

**१३. अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा योजना गरेको भए सोको विवरण :**

यस सम्बन्धी सम्पूर्ण विवरण बार्षिक प्रतिवेदनमा उल्लेख गरि सो प्रतिवेदन कम्पनीको वेवसाइट www.hidcl.org.np मा राखिएको छ ।

**१४. निकायको वेभसाइट छ भए सो को विवरण :** www.hidcl.org.np

**१५. निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण** : नभएको ।

**१६. निकायले संचालन गरेको कार्यक्रम तथा सोको प्रगति विवरण :** वार्षिक साधारण सभा कार्यक्रम अन्तर्गत समिक्षा गर्ने गरिएको ।

**१७. निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यसको सुचना संरक्षण गर्न तोकिएको समयाअवधि :**

क. संचालक समितिका अन्य समितिका निर्णय,

ख. शेयर तथा ऋण लगानी सम्बन्धी सम्झौतपत्रहरु

ग. आर्थिक प्रशासन तथा वित्तीय कारोवारसम्बन्धी विवरण

घ. अन्य महत्वपूर्ण सुचना तथा विवरण

उल्लिखित सुचनाहरु कम्पनीको नियमानुसार दिर्घकालसम्म सुरक्षित हुने गरी व्यवस्थित गरि सुरक्षित साथ राखिएको ।

**१८. सार्वजनिक निकायमा परेको सुचना माग सम्बन्धी निवेदन र सोको विवरण :** नभएको

**१९. निकायको सुचना अन्यत्र प्रकाशन भएको वा हुने भएका भए सोको विवरण :**

- कम्पनीको वेभसाइटमा www.hidcl.org.np
- कम्पनीको वार्षिक प्रतिवेदन (कम्पनीको वेभसाइटमा www.hidcl.org.np मा हेर्न सकिने)
- राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरु तथा अन्य सञ्चारका माध्यमहरु